नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

## वातावरण तथा जैविक विविधता महाशाखा

visit Nepal 2020

EX: पो॰ ब॰ नं॰ ३९८७
सिंहदरबार, काठमाडौं

पत्र संख्या : वा.प्र.अ.शा.-२६९-२०७६/०७७
चलानी नं॰ : ३७१
प्राप्त पत्र संख्या र मिति :

मिति : २०७६/११/१४

**विषय : १५ दिने सार्वजनिक सूचना सम्बन्धमा ।**

श्री हिम रिभर पावर प्रा. लि.
नक्साल, काठमाडौं ।

प्रस्तुत विषयमा ताँहा लि. प्रस्तावक रहेको बागमती प्रदेश अन्तर्गत सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी गाउँपालिका वडा नं. २ मा प्रस्तावित लिपिङ्ग खोला जलविद्युत आयोजना (१६.२६ मेगावाट) प्रस्ताव गरी उक्त आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन स्वीकृत भएकोमा स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएको पाइपको संरचनाको स्थानमा सुरुङ्गको संरचनाको राखी संरचनागत फेरबदल भएकोले कारण पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन पेश हुन आएको सम्बन्धमा वातावरण संरक्षण नियमावली, २०५४ को नियम ११(२क) बमोजिम सर्वसाधारण व्यक्ती वा संस्थाको राय सुझाव संकलनको लागि संलग्न सार्वजनिक सूचनामा तोकिएको स्थानहरुमा १५ दिनको लागि प्रतिवेदन सार्वजनिक गर्न नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (सचिवस्तर) मिति २०७६/११/१३ मा निर्णय भएको व्यहोरा जानकारी तथा आवश्यक कारवाहीको लागि अनुरोध गरिन्छ । सार्वजनिक सूचनाको प्रति यसै साथ संलग्न राखीएको छ उक्त सूचनामा उल्लेखित स्थानहरुमा सूचना प्रकाशन पूर्व मस्यौदा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन बुझाई सो को भरपाई तथा सूचना प्रकाशित भएको पत्रीका समेत पेश गर्न हुन अनुरोध छ ।

...........
(सुभाष कुमार शर्मा)
सहायक वन अधिकृत

श्री प्र. सूचना पाटीमा टाँस गरी website मा upload गर्ने ०७६/११/२०